राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गँगदी ,देउखुरी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :२०८०/८१

चलानी नम्बर :

मिति:२०८०/०७/१४

**आ.ब.२०८०/८१ को लागि अबरुद्ध भएका बाटोहरु आवागमन सुचारु गर्ने कार्यका लागि Back hoe Loader को सिलबन्दी (दर रेट) पेश गर्ने सम्बन्धि सूचना ।**

चालु आ.ब.मा राजपुर गाउँपालिकाको मिति २०८०/०७/०१ गते को विपद व्यवस्थापन सम्मितिको निर्णय बमोजिम जित बहादुर सिंजाली बाटो, माररी खोला देखि पतौली नाका जाने बाटो, करंगा देखि मुंग्रेठाखोला बाटो, रोहिनिया देखि मुंग्रेठाखोला बाटो, सिमलखुटि देखि महतेनियाखोला जाने बाटो, गंगदीदेखि गंगदीखोला जाने बाटो घारीखुटी-कुरुवा-हाँडबास जाने बाटो तथा नेपुवा खोला देखि भित्रि सिक्टा जाने बाटोहरुमा पहिरो पन्छयाउने ,खाल्डाखुल्डी पुर्ने लगायतका कार्यहरु गरि वाटोको आवागमन सुचारु गर्ने कार्य छिटो छरितो गर्नुपर्ने हुदाँ ईच्छुक फर्महरूवाट देहायका सर्तहरुको अधिनमा रही सिलबन्दी कोटेशन आह्वान गरिएको छ ।

सर्तहरु:

१.ईच्छुक व्यक्तिले आफ्नो फर्म वा कम्पनि वाट आफ्नो फर्म नबिकरण,मु.अ.कर तथा आ.ब.२०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित मिति २०८०/०७/१६ गते कार्यालय समय भित्र सिलबन्दी कोटेशन पेश गर्न सकिने छ ।

२.जे.सी.बि.(Back hoe Loade)को अधिकतम कबोल अंक भ्याट बाहेक रु.२३०० प्रति घण्टा हुनेछ ।

३.पेश भएका दररेटहरुवाट सबै भन्दा कम दररेट पेश गर्ने फर्मवाट कार्य गर्ने सम्झौता गरिने छ ।

४.सिलबन्दी दररेट पेश गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमसः लगतै कार्यालय खुलेको दिन हुनेछ ।

५.केरमेट गरि सहि नगरेको, सहिछाप नभएको, म्यादनाघी पर्न आएको दररेट उपर कार्वाही हुने छैन ।

६.सिलबन्दी दररेट प्रास्तावक आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा लेखेको हुनुपर्ने छ ।

७.कुनै कारण देखाई वा नदेखाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहीत हुने छ ।

८. प्रस्तावकले यस गा.पा. को आन्तरिक राजश्व खाता न.२२१२०५००२८९५९००२ मा रु १,०००/- दस्तुर तिरेको भौचर पेश गरेपछि पेश गर्नुपर्ने दररेट प्रस्ताव फाराम कार्यालयले उपलब्ध गराउने छ ।

प्रमुख प्रशासकीय अधिकृत